<u>सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम (३) वमोजिम प्रकाशन गरिएको विवरण</u>

**सूचना सार्वजनिक गर्ने निकायको नामः**

प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं.३, हेटौंडा, मकवानपुर

**सूचना सार्वजनिक गरेको अवधिः**

वि.सं. २०७४ माघ देखि २०७५ असार मसान्तसम्म ।

**१. प्रदेश प्रमुखको कार्यालयको स्वरुप र प्रकृतिः**

नेपालको संविधानको भाग १३ धारा १६३ बमोजिम नेपालको प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने व्यवस्था छ । माननीय प्रदेश प्रमुखवाट सम्पादन हुने कार्यलाई व्यवस्थित गर्न प्रशासनिक सचिवालयको रुपमा स्थापित यस कार्यालयले माननीय प्रदेश प्रमुखसंग सम्वन्धित विभिन्न कार्यक्रमहरु र समारोहको प्रशासनिक समन्वय, व्यवस्थापन तथा सचिवालय सम्वन्धी कार्य संचालन गर्ने गर्दछ ।

**२. प्रदेश प्रमुखको कार्यालयका कामहरुः**

यस कार्यालयवाट सम्पादन हुने कामहरुलाई निम्नानुसार छन्

क) व्यवस्थापकीय तथा सचिवालय सम्वन्धी कार्यहरु,

ख) सूचना तथा समन्वयात्मक कार्यहरु ।

**३. प्रदेश प्रमुखको कार्यालयमा रहेको कर्मचारी दरवन्दी सङ्ख्या र कार्य विवरणः**

| सि.नं | पद | श्रेणी/तह | सेवा | समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | |
| २ | उप सचिव | रा.प.दितिय | प्रशासन | सा.प्र. | २ | |
| ३ | शाखाअधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | ३ | |
| ४ | प्रोटोकल अधिकृत | रा.प.तृतिय | प्रशासन | परराष्ट्र | १ | |
| ५ | कानून अधिकृत | रा.प.तृतिय | न्याय | कानून | १ | |
| ६ | कम्प्यूटर अधिकृत | रा.प.तृतिय | विविध | | १ | |
| ७ | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | १ | |
| ८ | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ | |
| ९ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | १ | |
| १० | ह.स.चा. | रा.प.अनं.पाँचौ | इन्जी. | मे.इन्जी. | ३ | |
| ११ | का.स. | विहीन | प्रशासन | सा.प्र. | ३ | |
| | | | | जम्मा | १९ | |

प्रदेश प्रमुखको कार्यालयमा स्वीकृत दरवन्दी १९ रहेका छन् । कार्यालयमा मुख्य २ वटा शाखाहरु रहेका छन् । ती शाखाहरुको कार्य विवरण निम्नानुसार रहेको छः

**क. व्यवस्थापन शाखाः**

यस शाखावाट कार्यालयको कर्मचारी प्रशासन, आर्थिक व्यवस्थापन, जिन्सी व्यवस्थापन, विधेयकहरु प्रमाणीकरण र दैनिक प्रशासन सम्वन्धि कार्य सम्पादन गरिन्छ ।

**ख. सूचना तथा समन्वय शाखाः**

यस शाखावाट कार्यालयको सूचना, संचार र प्रोटोकलसंग सम्वन्धित कार्य सम्पादन गरिन्छ ।

**ग. प्रदेश प्रमुखको निजी (स्वकीय) सचिवालयः**

यस सचिवालयवाट माननीय प्रदेश प्रमुखज्यूवाट गरिने कार्यसम्पादनमा सहयोग र समन्वय गरिन्छ । निजी (स्वकीय) सचिवालय अन्तर्गत स्वीकृत दरवन्दी देहाय बमोजिम १२ रहेको छ ।

| सि.नं | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख स्वकीय सचिव | १ | |
| २ | सह–स्वकीय सचिव | १ | |
| ३ | उप स्वकीय सचिव | १ | |
| ४ | स्वकीय अधिकृत | १ | |
| ५ | फोटोग्राफर अधिकृत | १ | |
| ६ | कम्प्यूटर सहायक | १ | |
| ७ | प्रशासन सहायक | १ | |
| ८ | लेखा सहायक | १ | |
| ९ | सवारी चालक | २ | |
| १० | कार्यालय सहयोगी | २ | |
| | जम्मा | १२ | |

**घ) सुरक्षा बन्दोबस्ततर्फ नेपाली सेना र जनपथ प्रहरीसंग समन्वय गरी आवश्यकतानुसार व्यवस्थापन गर्ने गरिएको छ ।**

**४. प्रदेश प्रमुखको कार्यालयवाट प्रदान गरिने सेवाः**

वुंदा नं.२ मा उल्लेखित कार्यालयका कामको माध्यमवाट सेवा प्रदान गरिन्छ ।

**५. प्रदेश प्रमुखको कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारीः**

माथि उल्लेख भए बमोजिम यस कार्यालयमा निम्नानुसारका शाखा र जिम्मेवार पदाधिकारीहरु रहनु भएको छ ।

| क्र.सं | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री शिवलाल तिवारी | सचिव | ९८५५०७६६७५ |

| | | | |
|---|---|---|---|
| **क) सूचना तथा समन्वय शाखा** | | | |
| १ | श्री रुद्र प्रसाद पौडेल | उप सचिव | ९८४१३५७०२१ |
| २ | श्री विजय कुमार विडारी | शा.अ. | ९८४१७७५८६९ |
| ३ | श्री रामेश्वर वस्नेत | कम्प्यूटर अधिकृत | ९८४१५५७२९९ |
| **ख) व्यवस्थापन शाखा** | | | |
| १ | श्री चण्डी प्रसाद कोइराला | उप सचिव | ९८४२०८३७०४ |
| २ | श्री मातृका प्रसाद ओझा | शा.अ. | ९८४१५५२५१३ |
| ३ | श्री सन्तोष सुवेदी | ले.अ. | ९८४५२९१८८७ |
| ४ | श्री राजेश तामाङ्ग | कानून अधिकृत | ९८४३५८८७२२ |
| **ग) प्रदेश प्रमुखज्यूको निजि सचिवालय** | | | |
| १ | श्री विजय कुमार विडारी | निजि सचिव | ९८४१७७५८६९ |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

यस कार्यालयवाट प्रदान हुने सेवाको लागि दस्तुर लाग्दैन । सरोकारवालासंगको आपसी सहमतिमा तय भएको समयावधिमा सेवाप्रवाह/कार्यसम्पादन हुने गर्दछ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारः**

कार्यालयको आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्वन्धित शाखाका प्रमुखलाई श्रीमान सचिववाट प्रत्यायोजित अधिकारको सीमासम्म शाखा प्रमुखवाट र सो वाहेकको हकमा शाखावाट पेश हुने टिप्पणीमा सचिवस्तरवाट निर्णय हुन्छ । संविधान र प्रचलित कानून वमोजिम प्रदेश प्रमुखले सम्पादन गर्ने कार्यको सम्वन्धमा संविधान र कानूनमा तोकिए बमोजिम हुने गर्दछ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

नियमित सेवा प्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नबुझे सोको सुनुवाई यस कार्यालयका सचिवबाट हुन्छ ।

**९. सम्पादन गरेको कामको विवरणः**

१. मिति २०७४।१०।०६ गते प्रदेश सभाको सदस्यहरु मध्ये ज्येष्ठ सदस्य माननीय श्री डोरमणी पौडेललाई सभामुख पदमा सपथ गराईएको ।

२. मिति २०७४।१०।११ गते नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको प्रथम अधिवेशन मिति २०७४ साल माघ १८ गते विहिबारका दिन अपरान्ह १ बजे प्रदेश सभा भवनमा बस्ने गरी आव्हान गरिएको ।

३. मिति २०७४।१०।२७ गते प्रदेश सभाको सभामुख पदमा माननीय श्री सानुकुमार श्रेष्ठ निर्वा्चित हुनु

भएकोले सोही दिन सपथ गराईएको ।

४. मिति २०७४।१०।२८ गते नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेश नम्बर ३ संसदिय दलको कार्यालयको सिफारिसमा संसदिय दलका नेता माननीय डोरमणी पौडेललाई प्रदेश नम्बर ३ को मुख्य मन्त्रि पदमा नियुक्त गरी मिति २०७४।१०।२९ गते सपथ गराईएको ।

५. मिति २०७४।१०।२९ गते माननीय श्री शालिक राम जमकटेल तथा केशव स्थापितलाई मन्त्रि पदको सपथ गराईएको।

६. मिति २०७४।११।१६ गते नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मन्त्रिपरिषद् विस्तार तथा पुनर्गठन भएकोले नवनियुक्त मन्त्रिहरु क्रमश माननीय अरुण प्रसाद नेपाल, कैलाश प्रसाद ढुङेल, दावा दोर्जे लामा र युवराज दुलाललाई मन्त्रि पदको सपथ गराईएको ।

७. मिति २०७४।११।२३ गते नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम मुख्यमन्त्रिको सिफारिसमा श्री सुर्यचन्द्र उपाध्याय न्यौपानेलाई प्रदेश नं. ३ को मुख्य न्यायाधिवक्ताको रुपमा नियुक्ति गरी मिति २०७४।१२।०८ मा प्रदेश प्रमुखको रोहबरमा उच्च अदालत पाटनका मुख्य न्यायाधिसबाट सपथ गराईएको ।

८. मिति २०७५।१।११ गते माननीय प्रदेश प्रमुखज्यूवाट प्रदेश सभाको बैठकलाई सम्बोधन गरिएको ।

९. मिति २०७५।१।१३ गते प्रदेश नम्बर ३ मन्त्रिपरिषद्को सिफारिस बमोजिम नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश नं. ३ को प्रदेश सभाको चालू अधिवेशन मिति २०७५।१।१४ गते शुक्रवार रातको १२ बजे देखि अन्त्य गरिएको ।

१०. मिति २०७५।१।२१ गते नेपालको संबिधानको धारा १८३ को उपधारा (१) बमोजिम सम्बत २०७५ साल ज्येष्ठ १ गते मंगलबारका दिन अपरान्ह १.०० बजे प्रदेश सभाको अधिवेशन आह्वान गरिएको ।

११. मिति २०७५।२।१८ गते अपरान्ह १.०० बजे प्रदेश सभाको बैठकमा प्रदेश सरकारको आ.ब. ०७५र७६ को बार्षिक नीति तथा कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यूवाट सम्बोधन गरिएको ।

| **११. क) २०७४ सालसम्म प्रमाणीकरण भएका विधेयकहरु** | | | | |
|---|---|---|---|---|
| क्र सं | विधेयकको नाम | विधेयक दर्ता मिति | विधेयक प्रमाणीकरण मिति | कैफियत |
| १ | प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४।१२।२१ | २०७४।१२।२१ | |
| २ | प्रदेश सरकारको आर्थिक कार्य्विधि नियमीत तथा व्यवस्थित गर्न बनेको विधेयक | २०७४।१२।२१ | २०७४।१२।२१ | |

| ११. ख) २०७५ सालसम्म प्रमाणीकरण भएका विधेयकहरु | | | | |
|---|---|---|---|---|
| ३ | प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०१।१६ | २०७५।०१।१६ | |
| ४ | स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक | २०७५।०१।२० | २०७५।०१।२० | |
| ५ | गाँउ/नगर/जिल्ला सभा संचालन (कार्र्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०१।२० | २०७५।०१।२० | |
| ६ | प्रदेश वित्तीय हस्तान्तरण विधेयक | २०७५।०३।०४ | २०७५।०३।०५ | |
| ७ | प्रदेश आकस्मिक कोष व्यवस्थापन गर्न बनेको विधेयक | २०७५।०३।१० | २०७५।०३।२० | |
| ८ | कर तथा गैर कर राजस्व परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५।०३।३१ | २०७५।०३।३२ | |
| ९ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक | २०७५।०३।३१ | २०७५।०३।३२ | |
| १० | आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक | २०७५।०३।३१ | २०७५।०३।३२ | |

**१०.प्रदेश प्रमुखको कार्यालयका सचिव, प्रवक्ता र सूचना अधिकारीको नाम,पद र सम्पर्क नम्बरः**

| क्र.सं. | नामथर | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|
| १. | शिवलाल तिवारी | सचिव | ९८५५०७६६७५ | *merobahabi@gmail.com* |
| २. | रुद्र प्रसाद पौडेल | प्रवक्ता | ९८४१३५७०२१ | *paudelrudra05@gmail.com* |
| ३. | विजय कुमार विडारी | शा.अ. | ९८४१७७५८६९ | *nischalbijay@yahoo.com* |

**११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सूचीः**

यस कार्यालयको नियमित कार्यसम्पादनका क्रममा आकर्षित हुने मुख्य कानूनी तथा नीतिगत प्रावधान निम्न बमोजिम छन् ।

- नेपालको संविधान

- सुशासन(व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०५६
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४
- नेपाल सरकार कार्यसंपादन नियमावली, २०६४
- प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४
- प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन, २०७४
- सेवा करार निर्देशिका,
- सरकारी निर्णय सरलीकरण निर्देशिका, २०६५
- नेपाल सरकारवाट समय समयमा जारी परिपत्र, सूचना र निर्देशनहरु

**१२.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणः**

यस कार्यालयको आर्थिक वर्ष २०७४/०७५ को (माघ देखि असारसम्म) विनियोजन, निकासा, खर्च र वांकी वजेटको विवरण तपसिल बमोजिम रहेको छः

| ब.उ.शि.न. | श्रोत | बार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| ३५०००३३ चालु | नेपाल सरकार | १४,८८ | ४,३३ | ४,३३ | १०,५५ |
| ३५००१३३ चालु | नेपाल सरकार | १,४०,०० | ६६,२० | ६६,२० | ७३,८० |
| ३५००१३४ पुंजीगत | नेपाल सरकार | १,२०,०० | ५४,११ | ५४,११ | ६५,८९ |
| | जम्मा | २,७४,८८ | १,२४,६४ | १,२४,६४ | १,५०,२४ |

यस कार्यालयमा धरौटी स्वरुप रु.२१०८३। प्राप्त भएको देखिन्छ ।

**१३.तोकिए बमोजिमका अन्य विवरणः**

यस कार्यालयको स्थापना भर्खर भएकाले तत्कालको व्यवस्था बमोजिम तत्कालिन मध्यमान्चल क्षेत्रीय प्रशासन कार्यालयको जग्गा र सोमा वनेका २ वटा भवनमा कार्यालय र माननीय प्रदेश प्रमुखको निवास, सभाहलको व्यवस्था गरिएको छ ।

**१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** छैन ।

**१५.सार्वजनिक निकायको वेवसाइट भए सो को विवरणः**

कार्यालयको वेभसाइट निर्माण अन्तिम चरणमा पुगेको छ ।

**१६ सार्वजनिक निकायले प्राप्त वैदेशिक सहायता,ऋृण,अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी**

**विवरणः**

नभएको ।

**१७.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यसको सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

यस कार्यालयवाट प्रदान गरिने सेवा सम्वन्धी सार्वजनिक सरोकारका सूचनाको वर्गीकरण हालसम्म गरिएको छैन ।

**१८.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

त्यस्तो निवेदन हालसम्म परेको छैन ।

**१९.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

कार्यालयका सूचना तथा जानकारीहरु प्रेस वुलेटिन, कार्यक्रमहरुमै पत्रकारहरुलाई आमन्त्रण गरि आफै सूचना संकलनको वातावरण प्रदान गर्ने र दैनिक प्रशासनिक कार्यका सूचनाहरु सूचना पाटीमा टांस गरी सूचना प्रवाह गर्ने गरिएको छ । छिट्टै कार्यालयको वेभसाइट मार्फत सूचनाहरु सम्प्रेषण हुनेछन् ।

**२०.प्रदेश प्रमुखको कार्यालयले आ.व.२०७४÷७५ मा सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन देहायमा उल्लेख गरिएको छः**

माथि वुंदा नं. ९ मा उल्लेख भैसकेको छ ।